# बारपाक सुलिकोट गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## ताकुकोट, गोरखा

**प्रशासन  तथा योजना शाखा**

**चालु आ.व. २०७९/०८० को वार्षिक समीक्षा गोष्ठी कार्यक्रम**

**प्रस्तोताः ईश्वरी प्रसाद पनेरु**

**शाखा अधिकृत (अधिकृत सातौं)**

# सम्पन्न गरिएका कार्यहरु (प्रशासन तर्फ)

- यस गाउँपालिका  कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी तथा आयुर्वेद औषधालयका सेवा करारमा कार्यरत कर्मचारीहरुको ६/६ महिनामा (श्रावण-पौष र माघ-असार सम्म) वर्षको दुई पटक करार अवधि थप गर्ने सम्बन्धमा सम्पूर्ण प्रक्रिया पूरा गरि पत्र तयार गरि सम्बन्धित कर्मचारीलाई उपलब्ध गराएको।
- कर्मचारीहरुको का.स.मू. फाराम संकलन गरी आवश्यक प्रक्रिया पूरा गरेको।
- कर्मचारी/जनप्रतिनिधिहरुको आ.व. २०७८/०७९ को सम्पत्ति विवरण माग गरी संकलित विवरण सम्बन्धित निकायमा पठाएको।
- कार्यपालिकाको नियमित वैठक/विशेष वैठक लगायत अन्य आवश्यक विभिन्न वैठकको लागि सम्बन्धित व्यक्ति/संघ/संस्थामा पत्रचार एवं टेलिफोनबाट सूचना प्रवाह गरी सहयोगीको भूमिका खेलेको।
- कर्मचारी वैठक आवश्यकता अनुसार सम्पादन गर्दै आएको।
- सूचना अधिकारीको भूमिका निर्वाह गरेको। (आ.व. २०७९/०८० मा मौखिक रुपमा ५० भन्दा बढी सूचना माग भै सूचना उपलब्ध गराईएको र लिखित रुपमा १० वटा सूचना माग भएकोमा संम्भव भए सम्मका सवै सूचना उपलब्ध गराईइएको।

- कर्मचारीहरुलाई कार्य विवरण उपलब्ध गराइएको ।
- स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन (LISA) गर्ने क्रममा सम्पर्क व्यक्तिको रुपमा कार्य गरिरहेको । (FRA) को लागि सहजीकरण गरेको ।
- अध्यक्ष/उपाध्यक्ष ज्यूबाट भएका तोक आदेश अनुसारका व्यक्ति/संस्था एवं सम्बन्धित सरोकारवाला मन्त्रालय/विभाग/कार्यालयमा सिफारिस वा पत्र तयार गरी सम्बन्धित निकायमा पठाइएको ।
- विभिन्न मितिमा कार्यपालिकाको निर्णय/गाउँपालिका अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृतको निर्देशनमा आवश्यक रिक्त दरबन्दीमा सेवा करारबाट पदपूर्ति गर्न विज्ञापन गरी तोकिए बमोजिमको परीक्षा प्रक्रिया पूरा गरेको/गरिरहेको ।

- निर्माण सेवा सम्बन्धि इजाजत-पत्र जारी तथा नवीकरण कार्यका लागि आवश्यक प्रक्रिया पूरा गरी कार्य गरेको ।
- तोकिएको प्रशासन शाखाले सम्पादन गर्नुपर्ने कार्यहरु सम्पादन गर्दै आएको ।
- गाउँ कार्यपालिकाको वैठक/अन्य विविध आवश्यकीय वैठकका लागि गाउँपालिका अध्यक्षको निर्देशन एवं कार्यालय प्रमुखको निर्देशनमा कार्यपालिकाको वैठक र अन्य विविध वैठकको व्यवस्थापनका साथै कार्यालयको आवश्यकता अनुसारको अन्य कार्य सम्पादन गर्दै आएको ।
- कार्यालय व्यवस्थापन/कर्मचारी व्यवस्थापन सम्बन्धमा गर्नुपर्ने कार्यहरु नियमित रुपमा गरि रहेको ।
- प्रमुख प्रशासकीय अधिकृत ज्यू बिदा, काजमा रहेको बखत निमित्त प्रमुख प्रशासकीय अधिकृतको भूमिका निर्वाह गरी कार्यालय संचालन गरेको ।

# सहकारी संस्था, जलश्रोत समिति, संस्था दर्ता तथा व्यवसाय दर्ता

- यस गाउँपालिकाको विगतमा डिभिजन सहकारी कार्यालयमा दर्ता भएका सहकारी संस्था संख्याः२९
- आ.व. ०७९/०८० मा यस गाउँपालिकामा दर्ता भएका सहकारी संस्थाको संख्या जम्मा २ गरी जम्मा ३३ वटा
- जलश्रोत अन्तर्गत विगतमा जिल्ला विकास समितिमा दर्ता भएका खानेपानी मूल दर्ता/सिंचाईको मुहान दर्ता अन्तर्गतका समितिहरुलाई हालसम्मको लेखापरिक्षण विवरण सहित आवश्यक कागजात पेश गरेमा एक पटक लाई नवीकरण गरी निरन्तरता दिने तर्फ कार्य गरिएको।
- जलश्रोत समिति अन्तरगतका निवेदन सहित आवश्यक कागजात पूरा गरेका खानेपानी तथा सिंचाई दर्ता गरी खानेपानीको समितिलाई प्रमाण-पत्र जारी गरिएको।

- हालसम्म गाउँपालिकामा दर्ता भएका खानेपानी सरसफाई तथा सिंचाईको संख्रयाः ८ मध्ये आ.व. २०७९/०८० मा दर्ता भएको संख्रयाः १ ।
- आ.व. २०७९/०८० मा नवीकरण भएको संख्याः ७
- संस्था दर्ता ऐन अन्तरगत हालसम्म दर्ता भएका संस्थाहरु (महिला समुह, सा.ल.ज.वि. क्लब, आरान, धार्मिक संस्था):३५
- व्यवसाय दर्ताः ४०, व्यवसाय नवीकरणः १०३ मध्ये (फिल्डमा दर्ताः ४०, नवीकरणः ४३) (आ.व. २०७९/०८० को मात्र)

# योजना तर्फ

- मेड्पाको फोकल पर्सन भै काम गरेको। (साबुन बनाउने तालिम, हार्पिक बनाउने तालिम, अकबरे खुर्सानी उत्पादन सम्बन्धि तालिम र आधारभूत सिलाई कटाई तालिम सम्पन्न)

## आ.व. २०७९/०८० मा गाउँपालिका तथा वडागत रुपमा संचालन भएका योजनाहरुको विवरण

| वडा | पूँजिगत | | चालु | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | योजना संख्या | कार्यान्वयन योजना संख्या | योजना संख्या | कार्यान्वयन योजना संख्या | योजना संख्या | कार्यान्वयन योजना संख्या |
| गाउँपालिका | १७९ | १५९ | १२४ | १०१ | ३०३ | २२५ |
| १ | ११ | ११ | ४ | ४ | १५ | १५ |
| २ | ८ | ८ | ३ | २ | ११ | १० |
| ३ | २३ | १९ | ४ | २ | २५ | २१ |
| ४ | ३५ | २७ | ३ | ३ | ३८ | ३० |
| ५ | १६ | १६ | ५ | ५ | २१ | २१ |
| ६ | १८ | १८ | २ | २ | २० | २० |
| ७ | १८ | १५ | ८ | ६ | २६ | २१ |
| ८ | २६ | २५ | ९ | ९ | ३५ | ३४ |
| शसर्त, विशेष, समपुरक | १४ | १० | २४३ | १९४ | ३४३ | २०४ |
| जम्मा | ३४८ | २८८ | ४०३ | ३२८ | ७५१ | ६१६ |

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत ४८ वटा योजना सम्पन्न गरि १०७९ जना व्यक्तिलाई रोजगार प्राप्त भएको छ ।

# धन्यवाद